# लोक सेवा आयोग
## (सूचना तथा प्रकाशन शाखा)

लोक सेवा आयोग
सूचना तथा प्रकाशन शाखा

## संगठित संस्थाहरुले पदपूर्तिका लागि विवरण उपलब्ध गराउने सम्बन्धी सूचना

नेपालको संविधानको धारा २४३ को उपधारा (२) बमोजिम संगठित संस्था (विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था) को रिक्त पदमा पदपूर्तिका लागि आयोगबाट लिखित परीक्षाहरु संचालन हुँदै आइरहेको व्यहोरा विदितै छ ।

लोक सेवा आयोगबाट जारी गरिएको **संगठित संस्थाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारवाही सम्बन्धी सामान्य सिद्धान्त, २०७४** बमोजिम सबै संगठित संस्थाहरुलाई आ-आफ्ना नियम, विनियमहरु परिमार्जन गरी परामर्शको लागि आयोगमा पठाउन यस पूर्व नै परिपत्र गरिसकिएको छ ।

सामान्य सिद्धान्त अनुकूल हुने गरी नियम, विनियमहरुमा परिमार्जन हुन नसकेका संगठित संस्थाहरुको पदपूर्ति सम्बन्धी काम कारवाही अगाडि बढाउन कठिनाई हुने भएकोले यथाशिघ्र नियम, विनियम परिमार्जन गरी आयोग समक्ष पठाउनु हुन साथै आगामी आ.व. ०७५/७६ मा पदपूर्ति गर्नुपर्ने संगठित संस्थाहरुले पदपूर्ति गर्नुपर्ने पदहरुको विवरण तथा समय तालिका समेत उल्लेख गरी यहि मिति २०७५/२/३० सम्म सुरक्षा निकाय तथा संगठित संस्था, परीक्षा संचालन शाखामा आइपुग्ने गरी उपलब्ध गराईदिनु हुन र उक्त विवरण समयमै उपलब्ध हुन नसकेमा त्यस्ता संगठित संस्थाहरुको पदपूर्तिका लागि वार्षिक कार्यतालिकामा समावेश गर्न कठिनाई हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

*सूचना नं.: ७८४/०७४-०७५ (सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा, लिखित परीक्षा सञ्चालन शाखा)*
*मितिः २०७५/०२/०३*